नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जलस्रोत तथा सिंचाइ विभाग

कार्यान्वयन कार्यविधि

एकिकृत उर्जा तथा सिंचाइ बिशेष कार्यक्रम



कार्तिक, २०७६

१. पृष्टभूमि

नेपालमा स्थानीय प्रविधिमा आधारित सिंचाइको इतिहास निकै पुरानो छ । परम्परागत किसान व्यवस्थित सिंचाइ प्रणालीहरु विश्वस्तरमा नै उदाहरणीय मानिन्छन्। परापूर्वकाल देखि नै नेपाली किसानहरुले स्थानीय प्रविधिको उपयोग गर्दै खोला नदीमा बाँध निर्माण गरी कुलोको माध्यमद्वारा खेतबारीमा पानी पुर्याइ सिंचाइ गर्दै आएका छन् ।

सिंचाइ नीति,२०७०ले मुलुकका सम्पूर्ण कृषियोग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी बर्षैभरि दिगो एवं भरपर्दो सिंचाइ सुविधा पुर्याउने दृष्टिकोण राखेको छ। दिगो विकासका मुख्य १७ लक्ष्यमध्ये २०३० सम्म शून्य भोकमरी र गरिबीको अन्त्य गर्ने महत्त्वपूर्ण लक्ष्य छन् ।परम्परागत) गुरुत्वाकर्षण उर्जा मा आधारित(प्रबिधिं प्रयोग गरि पहाडका टार र तराईका धेरै जमिनमा सिंचाइ पुर्याउन सकिएको छैन ।सिंचाइ नीति र दिगो विकासका लक्ष्य हासिल गर्न परम्परागत प्रबिधिले सिंचाइ नपुगेको कृषि योग्य भूमिहरुमा बर्षैभरि दिगो एवं भरपर्दो सिंचाइ सुविधा पुरयाउने आवश्यक देखिन्छ । यसको लागि सिंचाइमा उर्जाको प्रयोग हुन जरुरी देखिन्छ ।प्रसारण लाईन पुगेको ठाउँमा जलविद्युत, घाम लाग्ने ठाउमा सौर्य उर्जा वा अन्य नवीकरणीय उर्जा प्रयोग गरि, थोरै पानीले धेरै उत्पादन हुने नविन सिंचाइ प्रविधि प्रयोग गरि सिंचाइ सुविधा पुराएर खाद्य सुरक्षा गरिबी निवारण गर्न मद्धत पुग्नेछ ।यस अवधारणामा आधारित भएर आ.ब . २०७५/७६ बाट “एकिकृत उर्जा तथा सिंचाइ विशेष कार्यक्रम शुरू भएकोले सो कार्याक्रम " कार्यान्वयनको लागि कार्यान्वयन कार्यविधि तयार गरिएको छ । उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय द्धारा प्रकाशित ‘आर्थिक वर्ष २०७५/७६ को नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन कार्य योजनामा यस आयोजनाको लागि सौर्य विद्युतको उपयोग गरी लिफ्ट सिंचाइ आयोजना सन्चालन गरिने, मिनि ग्रिड प्रणालीको माध्यमबाट सौर्य विद्युतको उपयोग ग्रामीण विद्युतीकरणमा गरिने र सौर्य विद्युतको दिगोपन (Sustainability) को लागि ग्रिड उपलब्ध हुने स्थानमा नेट मिटरिगं तथा नेट पेमेण्टको व्यवस्था गरी ग्रिडमा आवद्ध गरिने कुरा उल्लेख छ ।यस कार्यक्रम अन्तर्गत कार्य प्रकृतिका आधारमा निम्न दुई भाग (Component) रहेका छन् ।

अ) मध्य पहाड टार लिफ्ट सिंचाइ आयोजना

पहाडी क्षेत्रमा रहेका ठूला तथा मझौला नदि तथा तिनीहरुका जलाधार क्षेत्रमा अवस्थित पानीको श्रोतहरुवाट त्यहाँ अवस्थित सीमान्कृत कृषि योग्य जमिनमा विद्युत तथा सौर्य उर्जाको प्रयोग गरी लिफ्ट सिंचाइको माध्यमबाट सिंचाइ योजनाको निर्माण तथा एकिकृत कृषि विकास तथा प्रसार गर्ने उद्देश्यका आयोजनाहरू कार्यान्वयन गरिने छ।

आ) तराई मधेश सौर्य लिफ्ट सिंचाइ आयोजना

Hybrid (जल विद्युत र सौर्य उत्पादित विद्युतबीच आदान प्रदान गर्न मिल्ने) किसिमको सौर्य उर्जा र जल विद्युत दुवै जडित उर्जाबाट तराई तथा भित्री मधेशका कृषी योग्य जमिनमा बाह्रै महिना दीगो र भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराइने छ । यसमा सिंचाइ प्रयोजनवाट वचत सौर्य उर्जा राष्ट्रिय प्रशारणमा जोडेर विद्युत आपूर्तिमा थप टेवा पुगनका अलवा ग्रामिण भेगमा विद्युतको Efficiency मा समेत वृद्धि हुनेछ ।

२. कार्य क्षेत्र

उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयद्धारा प्रकाशित 'आर्थिक वर्ष २०७५/७६ को नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन कार्य योजना' अनुसार यस आयोजनाको कार्य क्षेत्र मध्य पहाडका सम्भाव्य जिल्लाहरु र तराई मधेशका २४ जिल्लाहरू (झापा, मोरङ्ग, सुनसरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी पूर्व ,नवलपरासी पश्चिचम, रूपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बिर्दया, सुर्खेत, कैलाली, कञ्चनपुर) यस आयोजना/कार्यक्रमको कार्यक्षेत्र रहनेछ ।

३. कार्यक्रम कार्यान्वयन कार्यविधि

यस आयोजना संचालनका लागि जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर अन्तर्गत आयोजनाको संयोजक कार्यालय स्थापना गरिनेछ । आयोजना अन्तर्गतको उप आयोजना अध्ययन, डिजाईन, लागत अनुमान तयारी तथा खरीद व्यवस्थापन कार्य यही कार्यालयबाट गरिनेछ । कार्यक्रम कार्यान्वयन गरिने क्षेत्रमा आवश्यकता अनुसार अस्थाई साईट कार्यालय स्थापना गरी आवश्यक कर्मचारी आ.का.स. बाट व्यवस्थापन गरिने छ । सम्भव भए सम्म प्रत्येक उप-योजनामा १ जनाको दरले इन्जिनियर/हा.जी र सव-इन्जिनियर/अ.हा.जि खटाइने छ ।

क) योजना छनोटका आधारहरु

१) मध्यपहाड टार लिफ्ट सिंचाइ योजना

(अ) उर्जा प्रयोग गरि सिंचाइको लागी पानी तान्नु पर्ने स्थानलाई मात्रै योजनामा समाबेश गरिनेछ ।

(आ) गरिब र पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

(इ) योजना आर्थिक, सामाजिक तथा प्राविधिक र वातावरणीय दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

(ई) योजना माग गर्ने कृषकहरुले योजना सञ्चालन भएपछि १ हिउँदे बाली सहित कम्तिमा वार्षिक २ बाली लगाउने प्रतिवद्धता पनि जनाउनु पर्नेछ ।

(उ) मध्य पहाडमा अवस्थित स-साना खालका कम्तिमा ५ हे. टारहरु भएका जहाँ नजिक पानी रहेको ठाउँबाट सौर्य/विधुतीय लिफ्ट गरि सिंचाइ/खानेपानी हुने बहुउद्देशीय योजनाहरुको पहिचान अध्ययन गरि प्राथमिकता को आधारमा कार्यान्वयनमा लगिने छ तर स्थलगत अवस्थितिको कारणले ५ हे . भन्दा घटी भएका टारहरुमा समेत समन्वय तथा सिफारिश समितिको सिफारिशमा योजना छनोट गर्न वाधा पर्ने छैन ।

(ऊ) योजनाहरु छनोट गर्दा नेपालको भौगोलिक सन्तुलनलाई पनि आधार बनाइने छ ।

(ऋ) सतह सिंचाइ प्रणालीको सिंचित क्षेत्रभित्र सिचाइ सुविधा उपलब्ध हुन नसक्ने वा वाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुन नसक्ने क्षेत्र भित्र पनि योजना छनौट गर्न सकिने छ ।

(ऌ) योजना छनोट गर्नु पूर्व जलाधार/उप जलाधार क्षेत्र भित्र पर्ने सवै योजनाहरूको पहिचान अध्ययन गरि प्राथमिकताको आधारमा कार्यान्वयमा लगिनेछ।

(ए) वढी आर्थिक प्रतिफल हुने उपयोजनाहरूलाई प्राथमिकता दिइने छ ।

(ऐ) योजना छनोटको प्रकृयामा आवश्यक देखिएमा सम्वन्धित प्रदेशका जलस्रोत तथा सिंचाइ विकास गर्ने निकाय संग समन्वय गर्न सकिने छ ।

(ओ) उपभोक्ता कृषकहरुबाट माग भएको अवस्थामा सम्भब भएमा कुनै एकै स्थानमा सौर्य उर्जा विधुत उत्पादन गरि नेपाल विधुत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइनमा जडान गर्ने र त्यस विधुतलाई अन्यत्र मध्य पहाड लिफ्ट सिंचाइ योजनाको बिकासमा प्रयोग गर्न सक्ने ब्यवस्था गर्न सकिने छ ।

२) तराई मधेश सौर्य लिफ्ट सिंचाइ योजना

(अ) तराई मधेश सौर्य लिफ्ट सिंचाइ योजना अन्तर्गतका आयोजनाहरु क्लस्टरमा (ट्यूववेलहरुको समूहमा) आधारित भएर विकास गरिनेछ। एक क्लस्टरमा घटिमा १० वटा Shallow ट्यूववेलहरू हुनु पर्नेछ, तर स्थलगत अवस्थाको कारणले १० वटा ट्यूववेल भन्दा घटी भएमा समन्वय तथा सिफारिस समितिको सिफारिशमा योजना छनौट गर्न बाधा पर्ने छैन। यस आयोजनामा निर्माण गरिने ट्यूववेलहरुको गहिराई/ ब्यास त्यस क्षेत्रको Hydro-Geology, आयोजनाको बिस्तृत डिजाइन प्रतिवेदन अनुसारको हुनेछ ।

(आ) प्रति क्लस्टरको सिंचित क्षेत्र १००-१५० हेक्टरसम्मको हुनेछ तर स्थलगत अवस्थाको कारणले ट्यूववेलको संख्या तथा Capacity मा घट/बढ भए सिंचित क्षेत्र सोहि अनुसार फरक पर्न सक्नेछ। उपभोक्ता कृषकहरुबाट माग भएको अवस्थामा सम्भब देखिएका Deep Aquiferबाट पानी लिफ्ट गरि सिंचाइ आयोजनाको निर्माण र पहिले निर्माण भइ उर्जाको अभावले संचालन हुन नसकेका Deep Aquiferमा निर्माण गरिएका ट्यूववेल समेत समन्वय तथा सिफारिश समितिको सिफारिशको आधारमा Solar Lifting System जडान गर्न सकिने छ ।

(इ) योजना आर्थिक, सामाजिक तथा प्राविधिक र वातावरणीय दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

(ई) योजना माग गर्ने कृषकहरुले योजना संचालन भएपछि १ हिउँदे बाली सहित कम्तिमा बार्षिक २ बाली लगाउने प्रतिवद्धता पनि जनाउनु पर्नेछ ।

(उ) योजनाहरु छनौट गर्दा नेपालको भौगोलिक सन्तुलनलाई आधार बनाइनेछ ।

(ऊ) सिंचाइका अन्य वैकल्पिक स्रोत नभएका स्थानलाई प्राथमिकता दिइनेछ।

(ऋ) सतह सिचाइ प्रणालीको सिंचित क्षेत्रभित्र सिंचाइ सुविधा उपलब्ध हुन नसक्ने वा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुन नसक्ने क्षेत्र भित्र सम्बन्धित सिंचाइ कार्यालयको सिफारिशमा योजना छनौट गर्न सकिनेछ ।

(ऌ) योजना छनौट गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेको समुदायबाट माग भएको क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ ।

(ऍ) योजनाको लागि आवश्यक पर्ने जग्गाको व्यवस्था गर्ने मुख्य दायित्व उपभोक्ता समितिको हुनेछ ।

(ऐ) योजना छनोटको प्रकृयामा आवश्यक देखिएमा सम्बन्धित प्रदेशका भूमीगत जलस्रोत विकास गर्ने निकाय संग समन्वय गरि गरिनेछ।

(ओ) उपभोक्ता कृषकहरुबाट माग भएको अवस्थामा सम्भब भएमा कुनै एकै स्थानमा सौर्य उर्जा विधुत उत्पादन गरि नेपाल विधुत प्राधिकरणको राष्ट्रिय प्रसारण लाईनमा जडान गर्ने र त्यस विधुतलाई Shallow तथा Deep Tubewell सिंचाइ प्रणालीको विकासमा प्रयोग गर्न सक्ने ब्यवस्था गर्न सकिने छ ।

ख) विस्तृत सम्भाव्यता अध्ययन

(अ) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (Detail Feasibility Study Report) मा योजनाको आर्थिक, सामाजिक, प्राविधिक तथा आवश्यक परेमा वातावरणीय अध्ययन समावेश गरिनेछ ।

(आ) विस्तृत सम्भाव्यता अध्ययन गर्दा वैकल्पिक उर्जा प्रवर्धन केन्द्र र नेपाल विद्युत प्राधिकरण संग समन्वय गरि आवश्यक प्राविधिक सहयोग लिन सकिनेछ ।

(इ) खण्ड (अ) बमोजिमको प्रतिवेदनमा योजनामा निर्माण गरिने सबै प्रकारका संरचनाहरुको आवश्यक विवरण, ड्रइङ तथा डिजाइनहरु पनि समावेश हुनु पर्नेछ । योजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन कार्यालयले तोकेको ढाँचा बमोजिम हुनेछ ।

(ई) खण्ड (अ) बमोजिमको प्रतिवेदनमा योजनाको कूल लागत, कार्यान्वयन योजना तथा योजनामा कृषकहरुले व्यहोर्नु पर्ने अंश सिंचाइ निति अनुसार स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ ।

(उ) आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन तथा लागत अनुमान तयार गर्ने कार्य आयोजना कोअर्डिनेटर कार्यालयबाट हुनेछ ।

ग) योजनाको सिफारिस तथा स्विकृति

प्रस्तावित योजनाको सिफारिस समन्वय तथा सिफारिश समिति (अनुसूची (१) अनुसार) बाट हुनेछ र स्वीकृति जलश्रोत तथा सिंचाइ विभागका महानिर्देशकको अध्यक्षतामा गठित Project Appraisal Committee (PAC) अनूसूची (३) बाट हुनेछ।

घ) जल उपभोक्ता संस्थाको गठन र परिचालन

(अ) योजना स्वीकृतिको जानकारी प्राप्त भइसकेपछि उपभोक्ता कृषकहरुले प्रचलित नियमानुसार जल उपभोक्ता संस्थाको गठन गरी दर्ता गर्नुपर्नेछ ।

(आ) खण्ड (अ) बमोजिम दर्ता भएको जल उपभोक्ता संस्थालाई सम्वन्धित सिंचाइ हेर्ने निकायले जल उपभोक्ता संस्था गठनको प्रमाणपत्र दिनु पर्नेछ।

(इ) संयोजक कार्यालयले योजना सम्झौता हुनु पूर्व उपभोक्ताहरु भेला गराई योजनाको लागत, अवधि, सञ्चालन, सुरक्षा, योजनामा निर्माण हुने संरचनाहरु तथा योजनामा उपभोक्ताहरुले व्यहोर्नु पर्ने जनसहभागिता आदि जस्ता महत्वपूर्ण विषयहरु बारे जानकारी गराउनु पर्नेछ ।

(ई) आयोजनाको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने दायित्व सम्बन्धित जल उपभोक्ता समितिको हुनेछ ।

(ऊ) उपरोक्त विषयहरू समेटी योजना कार्यान्वयनका लागि जल उपभोक्ता समिति र संयोजक कार्यालय वीच कार्यन्वयन सम्झौता हुनेछ ।

(ऋ) निर्माण सम्पन्न भए पश्चात मर्मत संभारको जिम्मेवारी सम्विन्धित जल उपभोक्ता समितिको हुनेछ ।

ङ) योजना निर्माण

योजना निर्माणको जिम्मेवारी आयोजना संयोजक कार्यालयको हुनेछ । योजनाको निर्माण कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिने छ ।पम्प खरिद तथा जडान, विद्युतीकरण र पानी वितरण प्रणाली

जस्ता निर्माण कार्यहरु कामको प्रकृति हेरी प्याकेज बनाई प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार ठेक्कापट्टा द्वारा गरिने छ र आवश्यकक्ता अनुसार प्राविधिक सहयोगका लागि नेपाल विद्युत प्राधिकरण र वैकल्पिक उर्जा प्रवर्धन केन्द्र संग समन्वय गरिने छ । उक्त निर्माण कार्यको अनुगमन र सुपरभिजन संयोजक कार्यालयबाट गरिनेछ ।

च) नेपाल विद्युत प्राधिकरणले गर्ने कार्य

आयोजनाको लागि आवश्यक पर्ने विद्युतीकरणका कार्यमा नेपाल विद्युत प्राधिकरणको लगानी तथा प्रत्यक्ष सहभागिता हुनेछ । नेपाल विद्युत प्राधिकरणले कोअर्डिनेटर कार्यालयको समन्वय मा बिकास गरिएका सिंचाइ आयोजनाहरुबाट उत्पादन हुने विद्युत आफ्नै लगानीमा राष्ट्रिय प्रसारण लाइनमा जोड्ने कार्य गर्नेछ र यस कार्यको लागि नेपाल विद्युत प्राधिकरणसंग Memorandum of Understanding गरिनेछ ।

छ) योजना परीक्षण एवं कार्य सम्पन्न प्रतिवेदन

(अ) योजना सम्पन्न पश्चात् को-अर्डिनेशन समितिले जल उपभोक्ता संस्था सम्मिलित टोलीको रोहवरमा योजनाको स्थलगत परीक्षण गर्नेछ ।

(आ) योजना सम्पन्न भइसकेपछि संयोजक कार्यालयले योजनाको आर्थिक, प्राविधिक, भौतिक र सामाजिक विवरणहरु स्पष्ट खुल्ने गरी अन्तिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेछ ।

ज) योजना हस्तान्तरण

(अ) योजना अन्तर्गतको प्रत्येक सिंचाइ प्रणाली निर्माण कार्य सम्पन्न पश्चात् जल उपभोक्ता संस्थाका प्रतिनिधिको रोहवरमा सम्बन्धित जल उपभोक्ता समूहलाई उक्त सिंचाइ प्रणाली संयोजक कार्यालयले डिभिजन मार्फत हस्तान्तरण गरिनेछ ।

(आ) योजना हस्तान्तरणको क्रममा संयोजक कार्यालयले उपभोक्ता कृषकहरुबाट लिएको अग्रिम रकम (Upfront Cash) वापतको रकम पनि उपभोक्ता समूहको बैंक खातामा राखिदिनु पर्नेछ ।

४. अनुगमन मुल्यांकन

(अ) संयोजक कार्यालयले योजना छनौट तथा निर्माण कार्यको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ ।

(आ) उपभोक्ता संस्था तथा समूहहरुका प्रतिनिधि सम्मिलित टोली बनाई योजना कार्यान्वयनको अनुगमन तथा निरीक्षण गरिनेछ ।

(इ) अनुगमन-निरीक्षणमा खटिएर गएका सरकारी कर्मचारीहरुलाई आवश्यक सहयोग गर्नु सम्बन्धित उपभोक्ता संस्थाको दायित्व हुनेछ ।

(ई) अनुगमन- निरीक्षणको क्रममा वा अन्य समयमा उपभोक्ता संस्थालाई कुनै प्राविधिक समस्याहरु आईपरेमा संयोजक कार्यालयले समस्याको निदान गर्न सहयोग गर्नेछ ।

(उ) जलश्रोत तथा सिंचाइ विभाग, तथा जलश्रोत, उर्जा तथा सिंचाइ मन्त्रालयद्वारा आयोजनाबाट संचालित काम हरुको अनुगमन मुल्यांकन भई आवश्यक निर्देशन समेत हुन सक्नेछ ।

५. कार्य योजना

१) मध्यपहाड टार लिफ्ट सिंचाइ योजना

आ.व		२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
प्रदेश नं. १-३ सिंचित क्षेत्र	सिंचित क्षेत्र ४००० हे.	७५हे.	६०० हे.	११०० हे.	११०० हे.	११२५ हे.
	रकम	५ करोड	७० करोड	१४० करोड	१५० करोड	१६० करोड
प्रदेश नं. ४-७ सिंचित क्षेत्र	सिंचित क्षेत्र ६००० हे.	७५हे.	७०० हे.	१७०० हे.	१७०० हे.	१८२५ हे.
	रकम	८ करोड	७८ करोड	२१० करोड	२२० करोड	२०० करोड
जम्मा	(१०००० हे.) १२ अर्ब ४१ करोड	१३ करोड	१४८ करोड	३५० करोड	३७० करोड	३६० करोड

२) तराई मधेश सौर्य लिफ्ट सिंचाइ योजना

आ.व/प्रदेश		२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
प्रदेश नं. १ देखि ३ सम्म	सिंचित क्षेत्र ५००० हे.	७५ हे.	१२०० हे.	१२०० हे.	१२०० हे.	१३२५ हे.
	रकम	५ करोड	४५ करोड	४६ करोड	४६ करोड	५१ करोड
गण्डकी प्रदेश, प्रदेश नं. ५ र ७	सिंचित क्षेत्र १०००० हे.	१२५ हे.	२७०० हे.	३२०० हे.	२७०० हे.	१२७५ हे.
	रकम	७ करोड	१ अरब ४ करोड	१ अरब २२ करोड	१ अरब ३ करोड	४९ करोड
कुल जम्मा	१५००० हे.	२०० हे.	३९००	४४००	३९००	२९००
	५ अर्ब ७७ करोड	१२ करोड	१ अर्ब ४९ करोड	१ अर्ब ६८करोड	१अर्ब४९ करोड	१ अर्ब

करिव १८ अर्ब १८ करोडको लागतको यस आयोजनावाट अवधि भर मध्य पहाडी टार सिंचाइ आयोजनावाट १०,००० (दश हजार) हेक्टर र तराई मधेश सौर्य लिफ्ट सिंचाइ आयोजनावाट १५००० (पन्ध्र हजार) हेक्टर गरी कूल २५००० हेक्टर जमिनमा वाह्रै महिना दीगो र भरपर्दो सिंचाइ सुविधा उपलब्ध हुनेछ । तराई मधेश सौर्य लिफ्ट सिंचाइ आयोजनावाट सिंचित हुने १५०००हेक्टर मध्ये १२००० हेक्टर नयाँ आयोजना निर्माण मार्फत

गरिने छ भने बाँकी ३००० हेक्टर पहिले निर्माण भएका भूमिगत सिंचाइ आयोजनाहरुको Rehabilitation मार्फत गरिने छ।

ङ) डाटाबेस तयारी

(क) प्रत्येक योजना सम्बन्धी डाटा, (स्वामित्व, निर्माण मिति, लगानी गर्ने वित्तीय संस्था, सिंचित क्षेत्र, स्थान, जि.पि.एस. तथा हाइड्रोजियोलोजिकल डाटा लाभान्वित घरधुरी- जनसंख्या, फसल-बाली, कृषकहरुलाई आयोजनाको लाभ इत्यादि) संकलन गरी संयोजक कार्यालयबाट डाटावेसलाई अद्यावधिक गरिनेछ ।

च) तालिम

योजनाको दिगो व्यवस्थापनका लागि आवश्यकता पहिचानको आधारमा उपभोक्तालाई देहाय बमोजिमको तालिम प्रदान गरिनेछ ।

(क) पम्प संचालन र मर्मत सम्भार,
(ख) पानीको उपयोग र वितरणको व्यवस्थापन,
(ग) आर्थिक स्रोत संकलन र व्यवस्थापन,
(घ) संस्थागत विकास,
(ङ) बाली छनौट तथा वाली विविधिकरण,
(च) उत्पादन र वितरण सम्बन्धमा क्षमता अभिवृद्धि,
(छ) अन्य आवश्यक तालिम

५) संगठन संरचना तथा जनशक्ति

आयोजनाको को-अर्डिनेटरको कार्यालय

कोअर्डिनेटर-
रा.प . प्रथम (ई./सिभिल/ईरिगेशन वा ई/जियोलोजि/हा.जि) -१

[illegible] पहाड टार लिफ्ट सिंचाइ योजना
[illegible] (ई./सिभिल/ईरि.)-रा.प.द्वि-१
[illegible] ई./सिभिल/ईरि.) - रा.प.तृ - २
[illegible] ई./सिभिल/ईरि.) -
[illegible] अनं.प्रथम -४

लेखापाल (१)
ना. सु. (प्रशाशन)
सामाजिक परिचालक —१ (करार)
कम्प्युटर अपरेटर -२ (करार)
का. स. -२ (करार)
ह.स.चा. -३ (करार)
ईलेक्ट्रीशियन -१ (करार)
-

तराई मधेश सौर्य लिफ्ट सिंचाइ योजना
सि.डि.ई. हा.जी
(ई./जियो./हा.जि.) -रा.प.द्वि-१
हा.जी (ई./जियो./हा.जि.) -
रा.प.तृतीय-१
ई.(ई./एगृ ई.) - रा.प.तृ - १
स.ई.(ई./सिभिल/ईरि.)
रा.प.अन.प्रथम -२
अ.ग्रा.हा.जि.(ई./जियो/हा.जि)
रा.प.अनं.प्रथम -२

नोट —आवश्यकता अनुसार सुपरभाईजर (रा.प.अ.प्रथम श्रेणीको) करारमा राख्न सकिने छ ।

१) आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन गरिने क्षेत्रमा फिल्ड कार्यालय स्थापना गरि आवश्यक कर्मचारी आयोजना को-अर्डिनेटरको कार्यालयबाट व्यवस्था गरिने छ ।

अनूसूची -१

समन्वय तथा सिफारिस समिति

अध्यक्ष :- को-अर्डिनेटर, एकिकृत उर्जा तथा सिंचाइ विशेष कार्यक्रम (तराई मधेश सौर्य लिफ्ट सिंचाइ आयोजना)

सदस्यः- AEPC का कार्यकारी निर्देशकज्यूले तोकेको अधिकृत स्तरको प्राविधिक

सदस्यः- विद्युत प्राधिकरणका प्रबन्धक निर्देशकज्यूले तोकेको अधिकृत स्तरको प्राविधिक

सदस्य सचिव :- कार्यक्रम संयोजकले तोकेको रा.प.द्वि तहको प्राविधिक(सी.डी.हा.जी./सी.डी.ई.)

अनूसूची -२

स्टेरिङ्ग (Steering) समिति

आयोजना को-अर्डिनेटरले नीतिगत बाधा अड्काउ फुकाउ तथा उच्चस्तरको समन्वयको आवश्यकता महसूस गरेमा अनुसूची -२ मा व्यवस्था भए अनुसारको समितिको वैठकका लागी अनुरोध गर्न सक्ने छ ।

अध्यक्ष :- सचिव, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय

सदस्यः- कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण

सदस्यः- कार्यकारी निर्देशक, वैकल्पिक उर्जा प्रवन्धन केन्द्र

सदस्यः- महानिर्देशक, जलस्रोत तथा सिंचाइ विभाग

सदस्य सचिवः- कार्यक्रम संयोजक, एकिकृत उर्जा तथा सिंचाइ विशेष कार्यक्रम

अनूसूची -३

Project Appraisal Committee

अध्यक्ष :- महानिर्देशक, जलस्रोत तथा सिंचाइ विभाग

सदस्यः- उप-महानिर्देशक, बहुउद्देशीय तथा सिंचाइ महाशाखा

सदस्यः- उप-महानिर्देशक, भूमिगत जल तथा भौगर्भिक महाशाखा

सदस्यः- उप-महानिर्देशक, योजना अनुगमन तथा मुल्यांकन महाशाखा

सदस्य सचिवः- कार्यक्रम संयोजक, एकिकृत उर्जा तथा सिंचाइ विशेष कार्यक्रम